# गैंडाकोट राजपत्र

खण्ड :०७ संख्या :०३ मिति : २०८१/०५/१९

## भाग - ०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको आचार संहिता सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### गैंडाकोट नगरपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी नियमावली, २०८१

स्वीकृत मिति :- २०८१/०५/१९

**प्रस्तावना :**

यस नगरपालिका क्षेत्रभित्र धार्मिक, सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न "गैंडाकोट नगरपालिकाको संस्था दर्ता ऐन, २०८१" को दफा १७ ले दिएको अधिकार प्रयोग गरी गैंडाकोट नगरपालिकाले यो नियमावली स्वीकृत गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम :**

(१) यस नियमावलीको नाम **"गैंडाकोट नगरपालिकाको संघ संस्था दर्ता तथा नविकरण सम्बन्धी नियमावली, २०८१"** रहेको छ ।

(२) यो नियमावली कार्यपालिकाबाट स्वीकृत भई प्रमाणीकरण भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :

क) **"संस्था"** भन्नाले सामाजिक, धार्मिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको सघं, संस्था, क्लव,

मण्डला, परिषद, अध्ययन केन्द्र, विभिन्न कानूनी प्रावधान अनुसार स्थापना भएका समिति तथा समुह आदि सम्झनु पर्छ र सो शब्दले मैत्री सघं समेतलाई जनाउँछ।

ख) **"नगरपालिका"** भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्दछ।

ग) **"प्रमुख"** भन्नाले गैंडाकोट नगरपालिकाको नगरप्रमुखलाई सम्झनु पर्दछ।

घ) **"उपप्रमुख"** भन्नाले गैंडाकोट नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गैंडाकोट नगरपालिकाको "प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

च) **"कार्यालय"** भन्नाले गैंडाकोट नगरपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

छ) **"सम्बन्धित शाखा"** भन्नाले यो नियमावली अनुसार कार्य गर्न जिम्मेवारी प्राप्त आर्थिक विकास शाखा सम्झनु पर्दछ।

ज)**"प्रवन्ध समिति"**भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनु पर्दछ।

झ) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस नियमावली तथा कार्यपालिकाले निर्णय गरी तोकिएको भन्ने बुझ्नु पर्दछ।

ञ) **"ऐन"** भन्नाले गैंडाकोट नगरपालिकाको संस्था दर्ता ऐन, २०८१ सम्झनु पर्दछ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :**

यस नियमावली बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन।

**४. संस्थाको दर्ता र नविकरण :**

(१) संस्था स्थापना गर्न चाहने कम्तीमा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले अनुसुची -१ बमोजिमको ढाँचामा नगरपालिकाको सम्बन्धित शाखामा निवेदन दिनुपर्छ।

२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि तोकिए बमोजिमको सम्बन्धित शाखाले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा एक हप्ता भित्र तोकिएको शुल्क लिई संस्था दर्ता गरि प्रमाण-पत्र दिईनेछ।

३) यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा तथा अवधि अनुसुचि २ बमोजिम, दर्ता किताव अनुसुचि- ३ बमोजिम, नविकरण अनुसुचि ४ बमोजिम र संस्था दर्ता तथा नविकरण दस्तुर आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

४) प्रत्येक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र नविकरण गरिसक्नु पर्नेछ। यस पश्चात ३ महिना भित्र नविकरण गरेमा नविकरण शुल्कको २५ प्रतिशत थप रकम लिइनेछ भने सो भन्दा पछि ५० प्रतिशत थप शुल्क लिइनेछ।

**५. संस्थाको कार्य सम्बन्धी व्यवस्था:**

(१) संस्थाले नगरपालिका भित्र धार्मिक, सामाजिक, आर्थिक, साहित्यक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने कार्य गर्नुपर्नेछ। यस्ता कार्य गर्दा स्थानियरुपमा गठन भएको टोल विकास संस्थासंग समन्वयमा गर्नुपर्नेछ। संस्थाले यस्ता कार्य गर्दा आफ्नै छाप, लोगो र झण्डा प्रयोग गर्न कुनै वाधा पर्ने छैन्।

(२) संस्थाले उपदफा (१) बमोजिमको कार्य गर्दा संघ तथा प्रदेश स्तरमा बनेका कानून बमोजिम नबाझिने गरि गर्नुपर्नेछ।

**६. संस्थाको आम्दानी:**

संस्थाले देहाय बमोजिमका क्षेत्रबाट आम्दानी प्राप्त गर्न सक्ने छ।

१.नगरपालिकाबाट प्राप्त हुने अनुदान रकम।

२.सरकारी तथा गैर सरकारी निकायहरु सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता तथा अनुदानको रकम।

३.संघ/संस्थाले आयमुलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी।

४.संस्थाका सदस्यहरुबाट प्राप्त शुल्क तथा सहयोगको रकम।

५.अन्य श्रोतबाट प्राप्त गरेको रकम।

संस्थाको नाममा प्राप्तहुने सबै प्रकारको आम्दानी संस्थाको नाममा रहेको बैंक खातामा जम्मा गर्नु पर्नेछ।

**७. संस्थाको खर्च:**

संस्थाको खर्च देहाय बमोजिम हुनेछ।

१.कुनै निकायबाट सम्झौता बमोजिम प्राप्त हुने रकम सम्झौतामा उल्लेखित शर्त बमोजिम तोकिएको कार्यमा खर्च गर्नु पर्नेछ।

२.संस्थाको नियमित संन्चालन तथा कार्यालय व्यवस्थापन सम्बन्धी खर्च प्रचलित कानुन/कार्यसमितिको निर्णय बमोजिम हुनेछ।

३. संस्थाको खातामा संस्थाले आफ्ना गतिविधि क्रियाशील गर्दा प्राप्त हुने सबै प्रकारका रकम रहनेछ। खाता संचालन सम्बन्धी व्यवस्था संथाको विधानमा उल्लेख भए बमोजिम हुनेछ। तर नगरपालिकाबाट संस्थालाई प्राप्त हुने रकम नगरपालिकाको योजना वा आर्थिक सहायता शिर्षक अन्तर्गत नगरपालिकाको नियम अनुसार हुनेछ।

**८. संस्थाको सम्पति:**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पति दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा कार्यालयले त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा गर्ने वा रोक्का राखनेबाट जफत गरी संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पति फिर्ता गर्ने गरि कार्यालयले गरेको कारवाहीमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।

**९. अघि दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने :**

यो नियमावली प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता नर्भइ स्थापना भई रहेका संस्थाले पनि यो

नियमावली प्रारम्भ भएको मितिले ९० दिन भित्र यो नियमावली बमोजिम आवश्यक प्रक्रिया पुरा गरी दर्ता गराईसक्नु पर्नेछ।

**१०. हिसावको विवरण पठाउनु पर्ने :**

प्रबन्ध समितिले सामाजिक परीक्षण गरि आफ्नो संस्थाको हिसाबको विवरण लेखापरीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष कार्यालयमा पठाउनु पर्नेछ।

**११. हिसाब जाँच गर्ने :**

(१) कार्यालयले आवश्यक देखेमा संस्थाको हिसाब- किताब कार्यालयको अधिकार प्राप्त व्यक्तिबाट जाँच गराउन सक्नेछ।

(२) हिसाब जाँच गर्ने अधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ।

(४) हिसाब जाँच गर्ने अधिकारीले कार्यालयले तोकिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतलाई पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको देखिन आएमा नगर कार्यपालिकाको बैठकले सो को असुल उपर गर्न/गराउन आदेश दिनेछ।

**१२. लेखा र लेखापरीक्षणः-**

१) संस्थाको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नुपर्नेछ।

२) संस्थाको आन्तरिक लेखा परीक्षण संस्थाभित्रबाट नै गराउनु पर्नेछ।

३) संस्थाको वाह्य लेखापरीक्षण मान्यता प्राप्त रजिष्टर, संस्था वा फर्म बाट गराउनु पर्नेछ।

४) नगरपालिकाले संस्थाको आय व्ययको लेखा तथा सो सम्बन्धी कागजात नगदी र जिन्सी समेत जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ।

**१३. निर्देशिका :**यस नियमावलीको कार्यन्वयन गर्न नगर कार्यापालिकाले आवश्यक निर्देशिका जारी गर्न सक्नेछ।

**१४. अधिकार प्रत्यायोजन :**यो नियमावलीको कार्यन्वयनको लागि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीलाई अधिकार प्रत्यायोजन गर्न सकिनेछ।

**१५. बाधा अडकाउ फुकाउन सक्ने :**यो नियमावली कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

**१६. अन्य नेपाल कानून बमोजिम दर्ता वा स्थापना गर्नुपर्ने :**कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल कानून (संघिय तथा प्रादेशिक कानून)मा छुट्टै व्यवस्था भएकोमा यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही कानून बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ।

**१७. खारेजी र बचाउ**

(१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निमार्ण गरेको कानुन विपरीत भएका दफा सोही अनुसार खारेज वा परिमार्जन हुने छन्।

(२) यस नियमावलीलाई प्रतिस्थापन हुने गरि अर्को कानुन बनेर लागु नभएसम्म यसै नियमावली अनुसार भए गरेको मानिनेछ।

**अनुसुची १**

**नियम (४) को उपनियम १ सँग सम्बन्धित**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति :-

गैंडाकोट नगरपालिकाको कार्यालय,गैंडाकोट, नवलपरासी (ब.सु.पू.)।

**विषय : संस्था दर्ता गरिपाउँ।**

महोदय,

हामीले .......................................... सम्बन्धी संस्था खोल्न चाहेकाले गैंडाकोट नगरपालिका संस्था दर्ता ऐन, २०८१ बमोजिम संस्था दर्ता गर्नको लागि प्रस्तावित संस्थाको दुई प्रति विधान सहित देहायको बिवरण खोलि निवेदन गरेका छौँ।

**विवरण**

१. संस्थाको नाम :

२. संस्थाको उद्धेश्यहरु : क)

ख)

ग)

३. मुख्य आर्थिक श्रोत :-

४. संस्थाको कार्यालय रहने स्थान तथा ठेगाना :

५. संचालक समितिको विवरण :-

| क्र.सं. | पद | नामथर | ठेगाना | पेशा | मोबाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| क) | | | | | | |
| ख) | | | | | | |
| ग) | | | | | | |
| घ) | | | | | | |
| ङ) | | | | | | |
| च) | | | | | | |
| छ) | | | | | | |

**संलग्न कागजातहरु**

१. संस्थाको विधान तथा संस्थाको छापको नमुना।

२. सञ्चालक समितिको पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपी

३. संस्था दर्ता गर्ने निर्णय माइन्युट तथा प्रतिलिपि

४. अन्य :

निवेदकको दस्तखत :-

पद/नामथर :-

**अनुसुची २**

**नियम (४) को उपनियम ३ सँग सम्बन्धित**

गैंडाकोट नगरपालिका नगरकार्यपालिकाको कार्यालय

गैंडाकोट, नवलपरासी (ब.सु.पू.) गण्डकी प्रदेश, नेपाल

# संस्था दर्ता - प्रमाणपत्र

श्री अध्यक्ष, दर्ता नम्बर :

....................................................................(संस्था) दर्ता मिति :

गैंडाकोट नगरपालिका वडा नं. .....

नवलपरासी (ब.सु.पू.)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा (४) (ठ) र गैंडाकोट नगरपालिकाको संघ संस्था दर्ता नियमावली, २०८१ को दफा ४ बमोजिम .................. साल ................महिना ...........गतेमा ..................................................................नामको संस्था दर्ता गरि यो प्रमाण-पत्र दिइएको छ ।

प्रमाणपत्र जारी गर्नेको सही :

नाम :

पद :

मिति :

## नवीकरण

| क्र.सं. | नवीकरण गरेको मिति | बहाल रहने अवधि | रसिद नं. | दर्ता/नविकरण दस्तुर | नविकरण गर्नेको दस्तखत र छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

**अनुसूची ३**

**नियम ४ को उपनियम ३ सँग सम्बन्धित**

## संस्थाको दर्ता किताब

दर्ता नम्बर : दर्ता मिति :

| क्र.सं. | संस्थाको नाम र ठेगाना | संस्थाको उद्धेश्य | संस्थाको पदाधिकारी एवं सदस्यको नाम र ठेगाना | मोबाइल न. | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

दर्ता गर्ने अधिकारि :-

**अनुसूची ४**

**नियम ४ को उपनियम ३ सँग सम्बन्धित**

## संस्थाको नवीकरण किताब

| क्र.सं. | नवीकरण गरेको मिति | बहाल रहने अवधि | रसिद नं. | दस्तुर | नविकरण गर्नेको दस्तखत र छाप | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत